# प्रदेश सभा
# सामाजिक विकास समिति

सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

**बैठक संख्याः२१**

**मितिः२०८०।१०।०८**

## छलफल तथा निर्णय

निर्णय १

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र अन्तरगतका कार्यालयहरुबाट प्रदान गरिने कृषि सम्बन्धी अनुदान वितरणमा व्यापक अनियमितता भएको भनी यस समितिमा निबेदन प्राप्त भएकोले उक्त अनुदान वितरण कार्यक्रमहरु हाललाई स्थगित गरी अनुदान वितरणका लागि प्राप्त निबेदनहरु र आर्थिक वर्ष २०८०/०८१ मा वितरण गरिएका अनुदानको सूची मिति २०८०।१०।०९ गते कार्यालय समय भित्र यस समितिमा पठाईदिन भनी भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई पत्राचार गर्ने निर्णय गरियो।

निर्णय २

सामाजिक विकास मन्त्रालयबाट प्राप्त प्रदेश स्वास्थ्य आपूर्त व्यवस्थापन केन्द्र धनगढीको The Procurement Supply and Installation of Integrated Hospital Waste Management System र The Procurement of laboratory equipment (Package-1) सम्बन्धमा छानविन प्रतिबेदन समितिका माननीय सदस्यज्यूहरुलाई अध्ययन गर्ने प्रयोजनका लागि वितरण गरियो।

निर्णय ३

सुदूरपश्चिम प्रदेश सरकारका माननीय मुख्यमन्त्री, सामाजिक विकास मन्त्री र सामाजिक विकास मन्त्रालयका सचिवलाई कैलाली र कंचनपुर जिल्लास्थित प्रादेशिक अस्पताल, अस्पताल र स्वास्थ्य संस्थाहरुमा यस समितिबाट गरिएको स्थलगत अनुगमन भ्रमण प्रतिबेदन माथि छलफल गर्नका लागि समितिको आगामी बैठकमा आमन्त्रण गर्ने निर्णय गरियो।

निर्णय ४

समितिको अर्को बैठक मिति २०८०।१०।१० गते विहान ११:०० बजे बस्ने भएकोले उक्त समयसम्मका लागि आजको बैठक स्थगित गरियो।